# व्यक्तिगत घटना दर्ता (पञ्जिकरण) सम्बन्धी नागरिक बडापत्र

| सि. नं. | विषय | सेवाग्राहीले उपलब्ध गराउनुपर्ने कागजात | काम सम्पन्न हुने मिति | जिम्मेवार निकाय/व्यक्ति | उजुरी सुन्ने व्यक्ति/निकाय |
|---|---|---|---|---|---|
| १ | घटना दर्ताका विवरण सच्याउने | **जन्म दर्ता प्रमाणपत्रमा संशोधन**<br>**क) जन्म मिति सच्याउनको लागि :**<br>(१) परीक्षा नियन्त्रण कार्यालयको प्रवेशिका परीक्षाको लब्धाङ्कपत्र ( लब्धाङ्कपत्र जारी भएको मिति ६ महिना नाघेको हुनुपर्ने।) र विद्यालयको चारित्रिक प्रमाणपत्रको प्रतिलिपी वा<br>(२) अस्पतालमा जन्मेको बच्चाको हकमा अस्पतालले प्रदान गरेको जन्म प्रमाणपत्र वा<br>(३) नाबालिक परिचयपत्र वा<br>(४) नागरिकताको प्रमाणपत्र वा<br>(५) कुनै पनि प्रमाण खुल्ने कागजात प्राप्त नभएको अवस्थामा स्थानीय तहको (वडा कार्यालय) प्रतिनिधिको रोहवरमा कम्तीमा ५ जना नेपाली नागरिकता प्राप्त व्यक्तिको सर्जमिन मुचुल्का सर्जमिन मुचुल्का गर्नेहरुको नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी अनिवार्य रुपमा संलग्न गर्नु पर्नेछ ।)<br>(६) सम्वन्धीत स्थानीय पञ्जिकाधिकारीको कार्यालयको सिफारिस ।<br>**ख) जन्म दर्तामा नाम संसोधनको लागि** .<br>(१) बच्चाको नाम संशोधन गर्नुपरेमा आमा र बाबुको निवेदनवा बच्चा र बाबु-आमाको सम्बन्ध खुलेको अन्य कागजात वा प्रमाणपत्र ।<br>(२) नाम संशोधन गर्नु पर्ने व्यक्ति बालिग भएमा एस.एल.सी प्रमाणपत्र, विद्यालयको चारित्रिक प्रमाणपत्र वा बाबु आमासँग नाता खुल्ने अन्य आधिकारिक प्रमाणपत्र ।<br>(३) आमा-बाबु वा बाजेको नाम संशोधन गर्नुपरेमा<br>(क) सो सम्बन्धी आवश्यक कागजात नागरिकता, विवाह दर्ता प्रमाणपत्रमा वा एस.एल. सी. वा सोभन्दा माथिल्लो स्तरको शैक्षिक प्रमाणपत्रमा नाम खुलेको प्रमाणित कागजात र विद्यालयको चारित्रिक प्रमाणपत्र ।<br>(ख) स्थानीय तहबाट (वडा कार्यालय) दुवै व्यक्ति एउटै हो भनी उल्लेख भएको कम्तीमा ५ जना नेपाली नागरिकता व्यक्तिको सर्जमिन मुचुल्का सहित सर्जमिनमा बस्नेको प्रमाणित नागरिकता प्रमाणपत्रको प्रतिलिपी ।<br>**ग) जन्म स्थान सच्याउनु परेमा**<br>(१) विदेशमा जन्मिएको बच्चाको जन्मस्थान सच्याउनु परेमा उक्त देशको अस्पतालमा बच्चा जन्मिएको प्रमाणपत्र वा कागजात ( प्रमाणपत्र अँग्रेजीमा नभएमा सो देशमा रहेको नेपाली नियोगबाट बच्चा सो देशमा जन्मिएको भनी प्रमाणित गरिएको कागजात) वा<br>(२) उक्त देशमा बच्चाको जन्म दर्ता गरिएको प्रमाणपत्र सम्बन्धित देशमा जन्म दर्ता गरेको भएमा उक्त प्रमाणपत्रको | उल्लिखित कागजात पेश गरेको मितिले ३ दिन भित्र | प्रमुख प्रशासकीय अधिकृत | प्रमुख प्रशासकीय अधिकृत |

| | | | | | |
|---|---|---|---|---|---|
| | | नेपाली नियोगबाट प्रमाणित नेपाली वा अङ्ग्रेजी भावानुवाद) । | | | |
| | | **मृत्यु दर्तामा संशोधनको लागि**<br>**क) नाम संशोधन**<br>(१) बाबु बाजे वा पति/पत्नी नाम संशोधन गर्नुपर्ने भएमा नाता खुल्ने नागरिकता प्रमाणपत्र आधिकारिकता खुल्ने अन्य प्रमाणपत्र जस्तै जग्गाधनी प्रमाणपूर्जा आदि ।<br>(२) खुल्ने कागजात प्राप्त नभएको अवस्थामा स्थानीय तहको ( वडा कार्यालय( प्रतिनिधिको रोहवरमा गरिएको सर्जमिन मुचुल्का र सर्जमिनमा बस्नेको प्रमाणित नागरिकता प्रमाणपत्र ।<br>(३) निवृत्तभरण प्रयोजनको लागि भएमा पेन्सन विवरणमा उल्लेख भएको पारिवारिक विवरण ।<br>**ख) मृत्यु मिति सच्याउने सम्बन्धमा**<br>(१) अस्पतालबाट जारी मृत्यु मिति उल्लेख भएको मृत्यु प्रमाणपत्र वा सरकारी निकायबाट मृत्यु मिति प्रमाणित गरिएको सिफारिश ।<br>(२) स्थानीय तहको (वडा कार्यालय) प्रतिनिधीको रोहवरमा गरिएको कम्तीमा ५ जनाको संर्जमिन मुचुल्का र सर्जमिन बस्नेको प्रमाणित नागरिकता प्रमाणपत्र । | उल्लिखित कागजात पेश गरेको मितिले ३ दिन भित्र | प्रमुख प्रशासकीय अधिकृत | प्रमुख प्रशासकीय अधिकृत |
| | | **विवाह दर्ता प्रमाणपत्रमा संशोधन सम्बन्धमा**<br>क) दुलाहा-दुलहीको नाम संशोधन सम्बन्धमा<br>- विवाह दर्ता प्रमाणपत्रमा भएको नाम र संशोधन गर्नुपर्ने नाम एकै व्यक्तिको हो भन्ने आधिकारिक कागजात वा कम्तीमा ५ जनाको सर्जमिन मुचुल्का र सर्जमिन बस्नेको प्रमाणित नागरिकता प्रमाणपत्र र सम्बन्धित तहले(वडा कार्यालय)संशोधन गर्न उचित हो भनी गरेको सिफारिसपत्र ।<br>- दुलाहा-दुलहीको बाबु, बाजेको नाम संशोधन गर्न नाता खुलेको आधिकारिक प्रमाणपत्र वा स्थानीय तहको (वडा कार्यालय) रोहवरमा गरिएको सर्जमिन मुचुल्का र सर्जमिन बस्नेको प्रमाणित नागरिकता प्रमाणपत्रको प्रतिलिपी<br>ख) विवाह मिति सच्याउने सम्बन्धमा<br>-विवाह मिति सच्याउने आधिकारिक कागजात, विवाह मिति फरक परेकोमा संशोधन गर्नुपर्ने कारण र विवाह मिति उल्लिखित भएको सर्जमिन मुचुल्का र सर्जमिन बस्नेको<br>प्रमाणित नागरिकता प्रमाणपत्रको प्रतिलिपी | उल्लिखित कागजात पेश गरेको मितिले ३ दिन भित्र | प्रमुख प्रशासकीय अधिकृत | प्रमुख प्रशासकीय अधिकृत |

| | | | | | |
|---|---|---|---|---|---|
| | | **बसाइसराईं सम्बन्धी (बसाइसराईको उमेर संशोधन सम्बन्धमा)**<br>(१) संशोधन गर्न आधिकारिकता खुलेको नागरिकता,<br>(२) एस.एल.सी. वा सो भन्दा माथिका शैक्षिक प्रमाणपत्रहरू,<br>(३) व्यक्ति फरक परेमा एकै व्यक्ति हो भन्ने सरकारी निकायबाट प्रमाणित कागजात वा<br>(४) स्थानीय तहका (वडा कार्यालय) प्रतिनिधिको रोहवरमा भएको कम्तीमा ५ जनाको सर्जमिन मुचुल्का र सर्जमिन बस्नेको प्रमाणित नागरिकता प्रमाणपत्र ।<br>(५) मिति फरक परेमां आधिकारिकता खुलेको कागजात तथा स्थानीय तहका (वडा कार्यालय) सर्जमिन मुचुल्का । | उल्लिखित कागजात पेश गरेको मितिले ३ दिन भित्र | प्रमुख प्रशासकीय अधिकृत | प्रमुख प्रशासकीय अधिकृत |
| | | **सम्बन्ध विच्छेद**<br>(१) अदालतबाट भएको सम्बन्ध विच्छेदको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी<br>(२) नाता, जन्म खुलेका नागरिकता, नाता प्रमाणित वा अन्य कागजात<br>(३) स्थायी ठेगानाको सम्बन्धमा नागरिकता प्रमाणपत्रमा उल्लेख भएको ठेगाना वा बसाइसराई गरी आएको प्रमाणपत्र<br>(४) स्थानीय तहका (वडा कार्यालय) प्रतिनिधिको रोहवरमा भएको कम्तीमा ५ जनाको सर्जमिन मुचुल्का र सर्जमिन वस्नेको प्रमाणित नागरिकता प्रमाणपत्र । | उल्लिखित कागजात पेश गरेको मितिले ३ दिन भित्र | प्रमुख प्रशासकीय अधिकृत | प्रमुख प्रशासकीय अधिकृत |
| २ | घटना दर्ताका विवरण सच्याउन कसले निवेदन दिने | **जन्म दर्ता**<br>(१) जन्म दर्ता गर्दाको सूचक वा<br>(२) क्र.सं. (१) मा उल्लेखित व्यक्तिको अनुपस्थितिमा बाबु-आमा, बाजे वा परिवारको मुख्य व्यक्ति वा<br>(३) क्र.सं. (१) र (२) मा उल्लेखित व्यक्तिहरू नभएको अवस्थामा बालिग व्यक्ति स्वयंले ।<br><br>**मृत्यु दर्ता**<br>(१) मृत्यु दर्ता गर्दाको सूचक वा<br>(२) क्र.सं. (१) मा उल्लेखित व्यक्तिको अनुपस्थितिमा मृत्यु भएको व्यक्तिको पति वा पत्नी वा उमेर पुगेको छोरा वा अविवाहित छोरी वा बाबु आमा वा सरोकारवाला परिवारको सदस्य वा विवाहित छोरी<br><br>**विवाह दर्ता**<br>(१) पति र पत्नी दुवैले | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | (२) पति  वा पत्नी मध्ये एक मात्र जीवित भएमा पति वा पत्नीले<br><br>**सम्बन्ध विच्छेद**<br><br>सम्बन्ध विच्छेद गर्दाको सूचक वा पति वा पत्नी मध्यकुनै एक जना ।<br><br>**बसाइसराई**<br><br>बसाइसराई गर्दाको सूचक वा निजको अनुपस्थितिमा बसाईसराईमा उल्लिखित भएको उमेर पुगेको व्यक्तिले । | | | |